***नेपालको संविधानको धारा २३० वमोजिम छथर जोरपाटी गाउँपालिकाको तेश्रो गाउँ सभामा प्रस्तुत आगामी <u>आ.व. २०७५/०७६ को वजेट नीति तथा</u> <u>कार्यक्रमसम्वन्धी वक्तव्य</u>***

आदरणीय सभाध्यक्षज्यू ,
जिल्ला समन्वय समितिका प्रमुखज्यु ,
गाउँ सभा सदस्यज्यूहरु,
कर्मचारीहरु,
पत्रकार मित्रहरु,
नागरिक समाज,
आदरणीय छथर जोरपाटी गाउँबासी तथा यहाँबाट देश विदेशमा रहनु भएका सम्पूर्ण आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनीहरु !

***'कृषि पर्यटनको विकास र पूर्वाधार, समुन्नत छथर जोरपाटीको आधार'*** भन्ने मूल नारा सहित आज यस छथर जोरपाटी गाउँपालिकाको तेश्रो गाउँ सभामा आ.व.०७५।०७६ को नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्न आयोजित यस समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु । यसपछि नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका विभिन्न चरणहरुमा जनताका अधिकार र स्वतन्त्रताका लागि आफ्नो जीवन वलीदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरचना अनुसार यस गाउँपालिकाको संरचना तयार भई २०७३ साल फागुन २७ गतेका दिन विधिवत रुपमा स्थापन भएको यो गाउँपालिकाले पहिलो र दोश्रो गाउँसभा सम्पन्न गरी आज तेश्रो गाउँसभा गर्न सफल भएका छौं । स्थानीय सरकार सञ्चालनका लागि जनादेश प्राप्त निर्वाचित जनप्रतिनिधिहरु नै जनताका सबैभन्दा नजिकका अभिभावक तथा विकासका संवाहक समेत हुन् । लोकतन्त्रको आधारभूत स्तम्भका रुपमा रहेका यस्ता स्थानीय तहहरु आफैंमा स्थानीय सरकार भएका कारण सरकारले खेल्नु पर्ने जति सम्पूर्ण भूमिकाहरु पूरा नहुन सक्छ किनकि हामी संघीय शासन व्यवस्थाको शैसवकालको चरणमा रहेका छौं ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको नयाँ संविधान जारी भएसँगै नेपालमा नयाँ युगको आरम्भ समेत भएको छ । लामो समयदेखि रिक्त रहेका स्थानीय निकायहरु स्थानीय तहमा परिणत भएपछि हामी जननिर्वाचित प्रनिनिधिहरु बहाल भई नयाँ संविधान तथा राज्य पुनर्संरचनाको खाका अनुरुप स्थानीय तहको सरकार गठन भएको छ । आम स्थानीय नागरिकले शासन व्यवस्थामा प्रत्यक्ष सहभागी हुने हकको अनुभूति गर्न पाउने अवसर प्राप्त भएको छ ।

शासकीय प्रक्रियामा जनतालाई *'मेरो गाउँ निर्माणमा मेरो संलग्नता'* भन्ने भावना जागृत गराउँदै सहभागितात्मक योजनावद्ध विकास प्रक्रियालाई जनताका साथमा रही कार्यान्वयन गराउने एकमात्र विशिष्ठ थलो स्थानीय सरकार भएको हुँदा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, छथर जोरपाटी गाउँ कार्यपालिका तथा गाउँ सभाबाट पारित कानून, चालु आवधिक राष्ट्रिय योजना समेतले निर्देशित गरेका लक्ष्य एवं प्रचलित कानूनको परिधि भित्र रही यस गाउँपालिकाले संघीय तथा प्रदेश सरकारबाट प्राप्त गरेको वजेट सिलिङ्ग, आन्तरिक आयस्रोत समेतको सीमा भित्र रही वार्षिक कार्यक्रम तयार गरी जनताको आवश्यकताहरुलाई यथासंभव सम्वोधन गर्ने अथक प्रयास गरिएको कुरा यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय !**

अब म यस गाउँपालिकाको गतिविधिलाई संक्षेपमा समीक्षा गर्दै यसका **सम्भावना, अवसर तथा चुनौतिहरु**लाई पेश गर्न चाहन्छु ।

यो गाउँपालिकाले आफ्नो एक वर्षे शैशवकाल पूरा गर्दै सो अवधिभित्र दुई वटा गाउँ सभा सम्पन्न गरी आज यो तेश्रो गाउँ सभा शुभारम्भ गर्ने अवसर प्राप्त गरेको व्यहोरा यहाँहरु प्रति गाउँ कार्यपालिकाको तर्फबाट सहर्ष जानकारी गराउन चाहन्छु । विगतमा जननिर्वाचित प्रतिनिधिहरु नहुँदाका अवस्थाहरु पार गर्दै आज हामी जनताका सामु उहाँहरुको प्रतिनिधिका रुपमा उभिँदै गर्दा हामी समक्ष आम नागरिकको ठूलो आशा र भरोसा सिर्जना भएको छ । हामीले पूरा गर्नु पर्ने जनअपेक्षाहरु अनगिन्ति छन् । हामी जनप्रतिनिधि बाहेक गाउँपालिकामा कार्यरत जनशक्ति अत्यन्तै न्यून छ । गाउँपालिकालाई प्राप्त वित्तीय समानीकरण तथा सशर्त अनुदान रकम र आन्तरिक आय पनि निकै न्यून छ । भौतिक पुर्वाधारको अभाव यथावत नै छ । आन्तरिक आय स्रोतको प्रचुर सम्भावना भए पनि यसको तार्किक सदुपयोगको अवस्थामा तत्काल ल्याई हाल्न सक्ने अवस्था

कम छ । वाह्य लगानी भित्र्याउन सक्ने पर्याप्त संभावना हुँदा हुँदै पनि विकासको चरणहरु थालनी गर्न नै चुनौति भएको अवस्था छ। यस्तो अवस्थालाई चिर्दै क्रमशः विकासका पूर्वाधारहरु स्थापना गर्दै आम नागरिकलाई छथर जोरपाटी गाउँपालिका निबासी हुनुको गर्वानुभुति दिलाउनु यस गाउँ कार्यपालिकाको लागि चुनौतिको विषय बनेको छ यद्धपि, हामी माझ जे जस्ता समस्याहरु वा चुनौतिहरु रहे पनि ती सबै खालका चुनौतिहरु मुकाविला गर्न तत्पर रहँदै छथर जोरपाटी गाउँपालिका अन्तर्गत बसोबास गर्नु हुने आम नागरिकहरु समक्ष चुनाव पूर्व गरेको बाचालाई शिरोपर गर्दै आगामी चार वर्ष भित्र यस गाउँपालिकाको समग्र क्षेत्रलाई **रुपमा मात्र नभई सारमा** समेत परिवर्तनको अनुभुति दिलाउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु। यस अवधि भित्र हामीले गरेका रचनात्मक कार्यहरु वारे यहाँहरु विदित नै हुनुहुन्छ।

यो अभियानका क्रममा सबै सदस्यज्यूहरुलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर साथ दिनु हुनेछ भन्ने पूर्ण आशा लिएका छु। यसैगरी यस गाउँपालिका क्षेत्रमा क्रियाशील सम्पूर्ण राजनैतिक दलका मित्रहरु, साथमा संलग्न सबै कर्मचारीहरु, उद्योगी, व्यापार व्यवसायी महानुभावहरु, नागरिक समाजका अगुवा एवं वौद्धिक जगतका मान्यजन महानुभावहरु र समग्रमा सबै किसान आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनीहरुबाट समेत हाम्रो अभियानमा पूरा साथ सहयोग दिई साथमा जुट्नु भएको थियो, अवका दिनमा पनि रचनात्मक सहयोग गर्नु नै हुनेछ भन्ने विश्वास लिएको छु। यसै सिलसिलामा यहाँहरुले हाम्रो तेश्रो गाउँ सभामा प्रस्तुत बजेट, नीति तथा कार्यक्रममा पेश गर्ने गरी सहभागितामूलक विधि अवलम्बन गरी बस्तीस्तरदेखि योजनाहरु छनौट गर्दै वडा समितिबाट प्राथमिकता निर्धारण भई विषयगत समितिहरुमा छलफल पश्चात गाउँ कार्यपालिकामा पेश भएको कार्यक्रम तथा आयोजनाहरु पुनः गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट परिमार्जन सहित यो वार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्य भएको व्यहोरा निवेदन गर्न चाहन्छु।

**संभावना तथा अवसरहरु :**

- ❖ भौगोलिक विविधताको पर्याप्त अवसर रहेका कारण स्थान विशेषमा कृषिमा विविधिकरण गरी आफ्नो क्षेत्रलाई थेग्न सक्ने उत्पादन तथा उत्पादकत्वको क्षमता रहेको।
- ❖ यस गाउँपालिकाको उच्च भागहरुमा कृषि नगदेवाली, पशुपालन, पर्यटन आदिका माध्यमबाट व्यवसायिक आय आर्जन गर्न सकिने प्रचुर सम्भावना रहेका छन् भने बेँसी भेगमा उर्वर खेतियोग्य भूमिहरु रहेकोले सिंचाईको उचित प्रवन्ध गर्न सकेमा जग्गाको सदुपयोग गरी समग्र गाउँपालिकाको विकासमा टेवा दिन सकिने।
- ❖ अल्प संख्यक, दलित, आदिवासी जनजाती, ब्राह्मण, खस आर्यन तथा दशनामी समेतको सहिष्णुतायुक्त मिश्रित बसोवास भएका वस्तिहरु रहेका कारण भाषिक, सांस्कृतिक, मौलिक परम्परा, ज्ञान सीपको उपयोग गरी यस क्षेत्रको विशेष परम्परा धार्मिक एवं संस्कृतिक सम्पदाहरुको जर्गेना गर्दै धार्मिक सांस्कृतिक पर्यटनका माध्यमबाट विकासमा विविधिकरण ल्याउन सकिने।
- ❖ आधारभूत तथा माद्यमिक विद्यालयहरु पर्याप्त रहेका कारण यी विद्यालयहरुको समसामयिक व्यवस्थापन गर्दै आगामी दिनमा कृषि, पशु सेवा, स्वास्थ्य सेवा जस्ता प्राविधिक शिक्षामा जोड दिँदै यस गाउँपालिकालाई आवश्यक पर्ने व्यवसायिक दक्ष जनशक्ति उत्पादन गर्न सकिने र उच्च शिक्षाको व्यवस्थापन गरी यस क्षेत्रलाई शैक्षिक केन्द्रको रुपमा विकास गर्न सकिने।

**चुनौतिहरु :**

- ❖ **अस्थिर शासन व्यवस्था** : नेपालको राजनैतिक शासन व्यवस्थामा स्थिरता नरहेका कारण आम नागरिकहरु अझै पनि संघीय शासन व्यवस्था प्रति विस्वास नहुनु।
- ❖ **परनिर्भरता** : विकासको मेरुदण्डको रुपमा रहेको अर्थ व्यवस्था कमजोर हुनु। केन्द्रीय सरकारको आशा र भरोसामा स्थानीय तहको अर्थ व्यवस्था निर्भर रहनु।

❖ **दक्ष जनशक्तिको अभाव** : स्थानीय तहमा उपलव्ध संभावना र अवसरहरुलाई ग्रहण गर्न सक्ने खालको क्षमता कमजोर हुनुका साथै दक्ष दनशक्ति एवं उद्यमशीलताको अभाव हुनु ।

❖ **फितलो विकास नीतिः** संस्कारयुक्त राजनैतिक, सामाजिक, आर्थिक विकास हुन बाँकी नै रहनु । आफैं मात्र सम्पन्न हुने प्रवृतियुक्त सामाजिक परिवेश हुनु ।

❖ **कमजोर व्यवस्थापकीय क्षमता** : गाउँपालिकाको व्यवस्थापकीय पक्ष मजबुत भई नसक्नु ।

❖ **बस्तीहरु छरिएर रहनु**, पर्यटकीय स्थलहरुलाई व्यवस्थापन तथा नियमन गर्न कठीन हुनु ।

सभाध्यक्ष महोदय !

उलिखित संभावना, अवसर तथा चुनौतिहरुलाई ध्यानमा राख्दै यस गाउँपालिकाको आ.व. २०७५/०७६ को वजेट नीति तथा कार्यक्रमलाई न्यायोचित एवं समतामुलक विकास प्रक्रियाबाट अगाडि बढाउन देहाय वमोजिमको प्रमुख नीति तथा कार्यक्रमहरु यस गरिमामय सभा समक्ष पेश गर्न चाहन्छु :-

## १.दीर्घकालीन सोच (Vision) :

यस गाउँपालिका क्षेत्रमा रहेको जमिन, जल, जंगल, कृषि, खानी, पर्यटन आदिको संभावनाहरुलाई दिगो विकासको अवधारणा तथा जलवायु अनुकुलन सन्तुलनको सिद्धान्त समेतलाई आत्मसात गर्दै यी स्रोत साधनहरुको तार्कित सदुपयोग मार्फत आम गाउँवासीहरुको शिक्षा, स्वास्थ्य, आय आर्जनमा वृद्धि गर्दै उच्च जीवनस्तर सहितको समाजवाद उन्मुख समृद्ध गाउँपालिका निर्माण गर्ने यस गाउँपालिकाको दीर्घकालीन सोच हुनेछ ।

## २.दीर्घकालीन लक्ष (Mission)

नेपालको संविधान अनुसार स्थानीयस्तरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रकियाको अभ्यास तथा विकास गर्दै पारदर्शी व्यवहार, उत्तरदायी एवं जवाफदेही, जनताको सहभागीता र विधिको शासनमा आधारित उच्च, गुणस्तरीय र समुन्नत समतामुलक समाजको स्थापना गर्नु यस गाउँपालिकाको दीर्घकालीन लक्ष रहेको छ ।

## ३.उद्देश्यहरु (Goals)

❖ स्थानीय सरकारको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रकियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको लाभहरु उपभोग गर्न सक्ने व्यवस्था गर्ने,

❖ आफनो क्षेत्रको विकासको लागि स्थानीय स्रोत साधनको परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समानतामा आधारित समतामुलक न्यायोचित वितरण प्रणालीको माध्यमबाट उच्च आर्थिक वृद्धिदर हासिल गर्दै गरीबी न्यूनिकरण गर्ने ।

❖ स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरुमा निर्णय गर्न सक्ने जनशक्ति विकास गर्ने ।

❖ आयमुलक रोजगारीको सिर्जना गर्दै पछि पारिएका वर्गको आर्थिक जीवनस्तर उठाई बसाई सराई तथा प्रतिभा पलायनको अवस्थालाई न्यूनिकरण गर्ने ।

❖ लैंगिक हिंसा न्यूनिकरण गर्दै सामाजिक न्याय कायम गर्ने ।

❖ छथर जोरपाटी क्षेत्रलाई सफा, सुन्दर, हराभरा बनाई कृषि तथा पर्यटनमैत्री वातावरण सिर्जना गर्दै आगामी ४ वर्ष भित्र भौतिक पूर्वाधारयुक्त गाउँको रुपमा निर्माण गर्ने ।

❖ पूँजी निर्माण तथा विकासका लागि सरकारी, सहकारी तथा निजी क्षेत्रको साझेदारी नीति अवलम्वन गर्ने ।

## ४.रणनीति (Strategies)

उल्लिखित सौंच, लक्ष्य र उदेश्य हासिल गर्न निम्नानुसारका रणनीतिहरु अघि सारिएका छन् :

- ❖ पर्यटन, कृषि क्षेत्रको रुपान्तरण, साना तथा मझौला व्यवसायहरु विस्तार गरी निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी आकर्षित गर्ने ।
- ❖ सामाजिक विकास, सामाजिक सुरक्षा तथा संरक्षणमा जोड दिँदै दिगो मानव विकासमा जोड दिने ।
- ❖ सडक, सिंचाई, सञ्चार तथा विद्युतीकरणको विस्तार गरी प्रविधिमैत्री गाउँ निमार्ण गर्ने ।
- ❖ शासकीय सुधारका माध्यमबाट सुशासनको पक्षलाई मजवुत पार्ने ।
- ❖ लैङ्गिक समानता तथा समावेशीकरणको नीतिलाई आत्मसात गर्दै सामजिक न्यायको जग बलियो पार्ने ।

## ५. गाउँपालिकाको आगामी विकास योजनाका प्रमुख नीति तथा कार्यक्रमहरु

### ५.१: भौतिक विकास योजना

भूमि र भू-उपयोगको प्रणालीलाई गाउँबासीहरुको दीर्घकालीन हितअनुरुप व्यवस्थापन गरी भूमि माथि भइरहेको अतिक्रमण नियन्त्रण गर्न, राष्ट्रिय भू-उपयोग नीतिलाई व्यवहारमा लागू गर्न पहल गरिनेछ । गाउँपालिकाबाट पारित कानून वमोजिम बाहेक कसैलाई अनधिकृत रुपमा सडक ट्र्याक खन्न, जग्गालाई आफुखुशी प्लटिङ्ग गरी खण्डीकरण गर्न, अव्यवस्थित बस्ती बसाल्न दिइने छैन । 'पहिला बस्ती विकास योजना अनि मात्र विकासका पूर्वाधार निर्माण' गर्दै लगिने योजनालाई आत्मसात गरिनेछ । जलउत्पन्न प्रकोप नियन्त्रण तथा भू-क्षय नियन्त्रणका लागि विज्ञहरुको परामर्शका आधारमा विशेष कार्यक्रमहरु ल्याइने छ । वन, वनस्पति, जडिबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्वर्द्धन, व्यवसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी इकोसिस्टममा सन्तुलन कायम राख्ने नीति अवलम्बन गर्नका लागि विशेष पहल गरिने छ । यसका लागि यसै आर्थिक वर्ष भित्र छथर जोरपाटी गाउँपालिकाको दीर्घकालीन एकीकृत गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

### ५.२ : भौतिक पूर्वाधार विकास योजना

**(क) यातायात पूर्वाधार विकास:**

सडक सञ्जालको विकास भएपछि नै कुनै पनि स्थानको आर्थिक, सामाजिक एकीकरण एवं क्षेत्रीय सन्तुलन कायम हुन्छ । यसका लागि गाउँपालिकाको गौरवका रुपमा रहेका प्रमुख सडकहरुलाई स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ । यस गाउँपालिकाका सबै वडा कार्यालयहरु जोड्ने सडकलाई उच्च प्राथमिकता साथ निर्माण गरिने छ । पूर्वाधार निर्माण आयोजनाहरु उपाभोक्ताहरु मार्फत सन्चालन गर्दा कम्तिमा पन्ध प्रतिशत लागत सहभागिता नगदै गाउँपालिकाको संचित कोषमा जम्मा गरेर मात्र सम्झौता गरिने छ बाँकी लागत सहभागिता श्रम तथा अन्य सहभागिता हुनै पर्ने नीति अवलम्वन गरिनेछ भने यसरी लागत सहभागिता जम्मा गरेमा एक प्रतिशत रकम सन्चालन खर्च दिने नीति ल्याइने छ । यसैगरी लागत सहभागिता जुटाउन कठीन हुने दश लाखभन्दा बढीका आयोजनाहरु निर्माण व्यवसायीहरु मार्फत सन्चालन गर्न प्रोत्साहित गरिनेछ ।

यसैगरी अर्को स्थानीय तह जोड्ने सडक निर्माणमा प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आयोजना सन्चालन गरिनेछ । सडकको ट्र्याक ओपन मात्र गर्ने प्रवृत्तिलाई अन्त्य गर्दै यस आर्थिक वर्षमा नमूना स्तरोन्नतिका लागि उपभोक्ता र गाउँपालिकाको लागत सहभागितामा कार्यारम्भ गरिनेछ । सडक तथा भौतिक पूर्वाधार जस्ता निर्माणका लागि वडास्तरको वजेट विनियोजन गर्दा समेत कम्तिमा २,००,०००।- मा नघटाई योजना विनियोजन गर्न मार्गदर्शन पठाइएको व्यहोरा गाउँसभाका सदस्य ज्यूहरुलाई पुनः स्मरण गराउँदै सोही अनुरुप मात्र सडक निर्माण वा स्तरोन्नति गर्ने गराउने नीति अवलम्वन गरिने छ । यसैगरी निर्मित सडकको संरक्षणको प्रमुख आधार भन्नु नै सो सडकको ढलनिकास तथा सडक नाली रहेका हुँदा सडक स्तरोन्नति आयोजनामा सर्वप्रथम ढल निकासका लागि अनिवार्य रुपमा नाली निर्माण कार्य हुनुपर्ने र सडक संरक्षण समिति गठन गरी सडक हेरालुहरुको व्यवस्था गर्ने कार्यनीति अघि सारिएको छ । सडक निर्माण गर्दा वायो-इन्जिनियरिङ्ग प्रविधि आत्मसात गर्दै वृक्षारोपण गर्ने नीति लिइनेछ । यसैगरी गाउँपालिकास्तरीय सडकको सडक क्षेत्राधिकार मापदण्ड तथा निकट भविष्यमा तयार हुने गाउँपालिकाको सडक गुरुयोजना अनुसार मात्र सडक निर्माण वा मर्मत कार्य गर्नुपर्ने नीतिलाई कडाइका साथ पालन गरिने छ । सडक सन्चालनलाई व्यवस्थित गर्न मर्मत सम्भार कोषको स्थापना गत आ.व.मा नै भई सकेकोले सो कोषलाई व्यवस्थित रुपमा सन्चालन गर्न कार्यविधि समेत तयार गरिने छ ।

**(ख) भवन तथा आवास:**

प्राकृतिक प्रकोप तथा विपदका दृष्टिले नेपाल विश्वमै अगाडि रहको अवस्था छ । सुरक्षित बस्ती विकास योजना अभावका कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको तथ्य हाम्रो साम्मु रहेको छ । हाम्रो यस गाउँपालिकाको क्षेत्र पनि यसबाट अछुतो

नरहेको व्यहोरा स्मरण गराउन चाहन्छु । यसर्थ सबैका लागि व्यवस्थित वस्ती विकास गरी सुलभ तथा वातावरणमैत्री आवासको प्रवर्द्धन गर्दै भुकम्प लगायतका सबै प्रकारको प्रकोप प्रतिरोधात्मक सार्वजनिक तथा निजी भवनहरु निर्माण गर्दै लैजान विज्ञहरुको परामर्श समेतका आधारमा आफ्नो परिवेश अनुकुल मापदण्ड तयार गरी कार्यान्वय गर्ने कार्यक्रम अघि सारिएको छ । प्राविधिक सल्लाह तथा घर नक्सा पास अनुमति विना निजी वा सरकारी भवन निर्माण कार्यमा बन्देज लगाइनेछ भने विपन्न दलित तथा पिछडिएका वर्गहरुलाई आवास निर्माण अनुमति पत्र लिँदा तोकिएको रकम छुट दिने नीति तयार गरिनेछ । यस क्षेत्रका निश्चित वजार क्षेत्रहरुको छुट्टै पहिचानका लागि सम्वन्धित बजारबासीहरुको समन्वयमा भवनको डिजाइन तथा रङ्गरोगन निर्धारण गरिनेछ । हरेक निजी वा सरकारी भवन निर्माण गर्दा अपांग मैत्री, बालमैत्री एवं ज्येष्ठ नागरिकमैत्री संरचना निर्माणमा जोड दिइनेछ । विद्यालयका भवनहरुलाई क्रमशः वालमैत्री, छात्रामैत्री भवन मापदण्ड तयार गरी कार्यान्वयन गर्दै लगिनेछ । निश्चित स्थानहरु पहिचान गरी वाल उद्यान, ज्येष्ठ नागरिकमैत्री पार्क, सेवा केन्द्र, सार्वजनिक वाचनालय निर्माण गर्दै लगिनेछ भने विद्यालय क्षेत्रको सुधारका लागि प्रविधिमैत्री भवनहरु निर्माण गर्दै जाने नीति अवलम्वन गरिनेछ । यसै आर्थिक वर्षमा गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि दाताहरुबाट प्राप्त जग्गामा पूर्वाधार तयार गरी सकिएकोले क्रमागत वजेटका आधारमा आगामी दुई वर्ष भित्र प्रविधिमैत्री, अपाङ्गमैत्री एवं वातावरणमैत्री नमूना प्रशासनिक भवन निर्माण सम्पन्न गर्ने र आगामी तीन वर्ष भित्र आवश्यकता अनुसार सबै वडा कार्यालयहरुको भवन निर्माण गरी सक्ने कार्य नीति अवलम्वन गरिनेछ ।

**(ग) विद्युतीकरण:** छथर जोरपाटी गाउँपालिकाका कुनै पनि घर परिवारमा विद्युत सेवाबाट बञ्चित नहोउन् भन्ने उद्देश्यका साथ *'हाम्रो घर गाउँ - सर्वत्र उज्यालो ठाउँ'* भन्ने नारा सहित विद्युतीकरणको नीति अघि सार्दै सबै घर-घरमा विद्युत पुऱ्याउन लक्ष्य रहेको छ । यसका लागि नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गर्दै जाने र आवश्यक विद्युत पोलहरु खरिद तथा नेपाल विद्युत प्राधिकरणको सहयोग साझेदारीमा विद्युत व्यवस्थापनमा थप पहल गर्दै जाने नीति लिइएको छ । विद्युत लाईन विस्तारका लागि आर्थिक रुपमा ज्यादा लागत लाग्ने छरिएर रहेका वस्तिहरुमा नविकरणीय उर्जाका प्रविधिहरु सौर्य उर्जा, साना खोलानालाबाट पेल्ट्रीसेट सन्चालन जस्ता प्रविधिलाई व्यवहारमा उपयोग गर्ने नीति अघि सारिनेछ । यस क्षेत्रमा रहेका वैंक तथा वित्तीय संस्थाहरुलाई स्वच्छ नवीकरणीय उर्जामा लगानीका लागि उचित वातावरण सिर्जना गरिनेछ ।

**(घ) सूचना तथा प्रविधि :**

आजको युग सूचना तथा प्रविधि (IT)को युग हो । यसकै कारण सारा विश्व नै एक गाउँमा परिणत हुन पुगेको छ । नेपालको संविधानले मौलिक हकका रुपमा सूचनाको हक आवद्ध गरेको छ । सूचना प्रविधिका माध्यमसहित आम जनताका सूसुचित हुने, सहभागी हुने हकलाई प्रत्याभुत गर्दै यस गाउँ कार्यपालिकाको हरेक व्यवहारलाई प्रविधिमैत्री, पारदर्शी बनाउँदै लैजानका लागि हरेक वडा कार्यालय तथा स्वास्थ्य चौकी र सामुदायिक विद्यालयहरुमा टेलीफोन लाइन जडान विस्तार गरी इन्टरनेटको पहुँच पुऱ्याउन पहल गरिनेछ । हरेक गाउँस्तरसम्म ल्याण्डलाइन टेलीफोन सेवा तथा मोवाइल सेवाको सहज पहुँचका लागि सम्वन्धित निकाय समक्ष समन्वय गरिनेछ ।

**(ङ) सिंचाई**

गाउँपालिका अन्तर्गत रहेका खेतीयोग्य जमिनहरुको सिंचाईका लागि खोलानालाहरुबाट कुलो निर्माण गर्ने, भइरहेका कुलोहरुलाई उपभोक्ताहरुको सहभागितामा मर्मत सम्भार तथा सञ्चालन गर्ने, कुलो निर्माणका लागि आवश्यक मेशीनरी औजार तथा प्रविधिहरु खरिद गरी आधुनिक सिंचाई प्रणालीको विकास र विस्तार गर्ने नीति अवलम्वन गर्दै सिंचाई व्यवस्थालाई उत्पादनमुलक कृषि व्यवसायमा आवद्ध गरिनेछ ।

## ५.३ : आर्थिक विकास योजना

**(क) समष्टिगत अर्थ नीति :**

संघीय तथा प्रदेश सरकारबाट प्राप्त सिमित वित्तीय समानीकरण तथा सशर्त अनुदान, न्यून आन्तरिक आय स्रोत समेतको अवस्थालाई मध्यनजर राख्दै भएका वित्तीय संस्था तथा सहकारी संस्थाहरुलाई सक्रिय बनाउँदै बचत बृद्धि गर्ने परिपाटीको थालनी गरी सो बचतबाट आय वृद्धि तथा उपभोग व्यवस्थापन नीति अवलम्वन गर्दै लगिने छ । हरेक गाउँमा वैदेशिक रोजगारी तथा आन्तरिक व्यवसायबाट सिर्जित आयलाई उत्पादनशील कार्यमा लगानी गर्न प्रोत्साहित गरिनेछ । यसैगरी सार्वजनिक वित्तको महत्तम एवं तार्किक उपयोगमा विशेष ध्यान दिइनेछ । सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेहीपूर्ण र पूर्व

अनुमानयोग्य बनाइने छ । करका दरहरुलाई बढाउनुको सट्टा करका दायराहरुलाई व्यापक बनाउँदै प्रगतिशील कर प्रणाली अवलम्वन गरिने छ भने सामाजिक न्यायको सिद्धान्तलाई व्यवहारमा उतार्ने प्रयत्न गरिने छ । कर चुहावटलाई नियन्त्रण गर्न उचित नीति अवलम्वन गरिने छ । यस गाउँ कार्यपालिकाबाट जारी गरिएको अर्थ नीतिलाई लचिलो बनाई समयानुकुल परिमार्जन समेत गर्दै लगिने छ । यसैगरी कर प्रणालीलाई लगानी तथा व्यवसायी मैत्री बनाउँदै आन्तरिक राजस्वलाई यस गाउँपालिकाको अर्थतन्त्र निर्माणको आधार बनाइने छ । यस गाउँपालिकाको आर्थिक ऐन, २०७४' लाई समय सापेक्ष परिमार्जन गर्दै लगिने छ । यस गाउँपालिकाको अर्थ व्यवस्थालाई मजबुत पार्दै लैजान वित्तीय साधनको उचित परिचालन गरिनेछ । कृषक, व्यापार व्यवसायी, आम नागरिक समेतको हितलाई ध्यानमा राख्दै बीमा सम्वन्धी कार्यक्रमलाई प्रोत्साहित गरिने छ । गाउँपालिकाको आर्थिक समृद्धिका लागि पूँजी बजारको विकास, निजी क्षेत्रको लगानी प्रोत्साहन, सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन गर्दै लैजाने नीति अवलम्वन गरिने छ ।

**(ख) कृषि, सहकारी, भूमि सुधार तथा वनः**

**कृषिः** संविधान प्रदत्त हक खाद्य सम्प्रभुता र खाद्य तथा पोषण सुरक्षाको व्यवस्थालाई व्यवहारमा लैजान दिगो कृषि विकास अभियान सम्वन्धी नीति तथा कानून निर्माण गरिने छ । यस क्षेत्रका अधिकांश परिवारहरु निर्वाहमुखी खेति प्रणालीलाई जीविकोपार्जनको प्रमुख माध्यम बनाई आएको यथार्थतालाई ध्यानमा राख्दै अवका दिनमा सबै किसान परिवारहरुलाई व्यावसायिक कृषि प्रणालीतर्फ उन्मुख बनाउँदै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने नीति अवलम्वन गरिनेछ । कृषक तथा आमासमूह गठन गरी उन्नत जातका बाली तथा पशुपालन गर्न थप प्रोत्साहित गरिनेछ । कृषि सहकारीतालाई प्रोत्साहित गर्दै उत्पादकत्व वृद्धिको आधार बनाइनेछ । कृषि जोन, कृषि अनुसन्धान केन्द्र तथा अन्य विषयगत निकायसँगको साझेदारीमा तरकारी तथा फलफुल पकेट क्षेत्रको समुचित विकासका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना (डिपीआर) तयार गरी आगामी आ.व.मा सार्वजनिक नीजी साझेदारीमा उचित स्थानमा शीत भण्डार (कोल्ड स्टोर) निर्माण गर्न पहल गरिनेछ । कृषक तथा पशुपालकहरुको हितलाई ध्यानमा राखी गोठसुधार कार्यक्रमलाई थप प्रोत्साहित गरिनेछ । कृषि पकेट क्षेत्रलाई आधार बनाई एकीकृत रुपमा सुविधा विस्तार गरी गाउँको उत्पादन र उत्पादकत्व वृद्धि गर्न विषयगत शाखाहरुको आवश्यक सहयोग र समन्वयमार्फत कार्यक्रम संचालन गरिनेछ । यसै आ.व.भित्र उपभोक्ताको हितलाई ध्यानमा राखी व्यवस्थित पशु वधशाला निर्माण गरी पशु वध तथा मासु जाँच गरी उपभोग गर्ने पद्धतिको विकास गर्न कृषि तथा पशु सम्वन्धी विषयत निकायहरुको साझेदारीमा आवश्यक पहल गरिनेछ ।

**भूमि सुधारः** केन्द्रीय भूमि सुधार कार्यक्रम अझै पनि नाम मात्रको रहेको र उर्वर भूमिको न्यायोचित वितरण प्रणालीमा सिमित वर्गकै मात्र पहुँच रहेको कारण उत्पादन गर्नुको सट्टा कव्जा मात्र जमाई राख्ने र उर्वर भूमि बाँझै राख्ने प्रवृत्तिलाई निरुत्साहन गर्न विशेष कर नीति ल्याइनेछ । यसैगरी उर्वर भुमिलाई अनधिकृत रुपमा प्लटिङ्ग गर्ने, अनावश्यक सडक ट्रयाक खोल्ने जस्ता अनुपात्दक कार्यलाई निरुत्साहन गर्न विशेष भूमि कर लगाइने छ । साविकमा जग्गाको उत्पादनलाई मात्र आधार मानी तयार गरिएको भूमि वर्गीकरण (अव्वल, द्वयम, सीम, चाहार) जस्ता नीतिलाई खारेज गरी नयाँ भूउपयोग नीति अनुरुप जग्गाको वर्गीकरण गरिनेछ भने भूमिको वैज्ञानिक व्यवस्थापनका नविनतम प्रविधि र शैलीलाई क्रमशः समय सापेक्ष अनुशरण गर्दै लगिने छ ।

**वनः** घर परिवारमा दाउराको प्रयोग गरी खाना पकाउने प्रचलन अधिक रहेका कारण वन जङ्गल विनाश भइरहेको र घर भित्रको धुवाँका कारण धुवाँजन्य रोगबाट विशेषगरी महिलाहरुले वर्षेनी मृत्यु व्यहोर्नु पर्ने वाध्यतालाई समयमै निरुत्साहित गर्न सुधारिएको चुलो जडान गर्न प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ । निजी वन, सामुदायिक वन तथा सरकारी वनको उचित व्यवस्थापन गर्न सरोकारवाला निकायहरुसँग साझेदारी गर्दै वन क्षेत्रबाट निस्कने वन पैदावारलाई गाउँपालिकाको आन्तरिक आय वृद्धिको माध्यम बनाइने छ । यसैगरी वनपैदावार तथा गिटी, ढुंगा, वालुवा निकासी तथा पैठारीमा रहेको अस्वस्थ प्रतिष्पर्धालाई समयमै व्यवस्थित गर्न कानून तर्जुमा गरी नियमन गरिनेछ ।

**(ग) उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन :**

औद्योगिक क्षेत्रको विकास तथा विस्तार गर्ने नीति मार्फत आगामी चार वर्ष भित्र आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गरी आर्थिक रुपान्तरण एवं सुदृढ अर्थतन्त्र निर्माण गर्ने नीतिलाई जोड दिइने छ भने उद्यमशीलता विकासका लागि तालिमहरु सन्चालन गर्ने नीति अवलम्वन गरिने छ । आजको आर्थिक उदारिकरणको युगमा वजार एकाधिकारलाई अन्त्य गर्दै स्वच्छ प्रतिष्पर्धात्मक एवं गुणात्मक व्यापार व्यवसायलाई जगेर्ना गर्नु हाम्रो कर्तव्य हुनेछ । यसैगरी परम्परागत व्यापार प्रणालीलाई निरुत्साहित गर्दै व्यापार विविधिकरणमा जोड दिनु आजको आवश्यकता हो । हाम्रो वाणिज्य पद्धति आयात गरेर उपभोग गर्ने

कुरामा मात्र सिमित रहेको अवस्थालाई प्रतिस्थापन गर्दै निर्यातमुखी व्यापारमा जोड दिइने छ । पूँजी पलायनको अवस्थालाई कडा नीति अंगीकार गर्दै वाणिज्य क्षेत्रमा स्वदेशी लगानीकर्ताहरुसमेत आकर्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

गाउँपालिका निबासीहरुको दैनिक जीवनयापनलाई सहज सरल बनाई दैनिक उपभोगजन्य समानहरुको आपूर्ति व्यवस्थालाई सहज बनाउन बन्द, हडताल जस्ता अवाञ्छित कार्यहरु निरुत्साहित गर्न यस गाउँपालिका क्षेत्रलाई यसै आर्थिक वर्षदेखि *बन्द निषेधित क्षेत्र* घोषणा गरिने छ । उपभोक्ताहरुको हितलाई ध्यान राख्दै दैनिक उपभोगका समानहरुमा एकाधिकार, कालाबजारी तथा म्याद गुज्रेका गुणस्तरहीन समानहरुको विक्रि वितरणमा रोक लगाउन बजार अनुगमन पद्धति विकास गरी यसै आ.व.बाट कार्यान्वयन गरिने छ । यसका लागि उपभोक्ता जागरण अभियान सञ्चालन समेत गरिने छ यसकोलागि उपभोक्ता अनुशिक्षण, करदाता अनुशिक्षण कार्यक्रमहरु संचालन गरिनेछन् भने उत्पादित कृषि तथा अन्य वस्तु तथा सेवाहरुको बजार प्रवर्द्धनका लागि पहल गरिनेछ ।

नेपालमा पाइने विशेष किसिमको हावापानी, पदयात्रा, दृश्यावलोकनका क्षेत्र, लोक भाषा संस्कृति जस्ता यावत कुराहरु यस क्षेत्रमा अहिलेसम्म जीवित छन् । यसलाई हामीले प्रत्यक्ष देखेका छौ तर चिन्न सकेको छैनौं । यसको संरक्षण र सम्वर्द्धन गर्नु आज हाम्रो प्रमुख दायित्व बनेको छ । यसैका माध्यमबाट हाम्रो यस  क्षेत्रको आर्थिक, सामाजिक उन्नति एवं रुपान्तरण सम्भव छ । पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गरी रोजगारीका अवसरहरु सिर्जना तथा यस क्षेत्रको आर्थिक समृद्धि एवं समुन्नतिका लागि यसै आ.व.मा 'छथर जोरपाटी गाउँपालिका एकीकृत विकास गुरु योजना' तयार गरी संभाव्य प्रमुख पर्यटकीय स्थलहरुको पहिचान गरी क्रमशः पर्यटन पूर्वाधार विकास गरिनेछ साथै Eco-tourism को  अवधारणालाई आत्मसात गर्दै लगिने छ । गाउँपालिकास्थित गुराँसे ध्वजे चित्रे पटेक डाँडा एकीकृत विकास गर्न सो क्षेत्रको आवश्यक पूर्वाधार विकासका लागि संघ तथा प्रदेश सरकासँग समन्वय गरिनेछ । त्यसै गरी खजुम हबेरु मुकुमफुङ्ग वाल्लक सिभुवा तथा तेलीया पर्यटन क्षेत्र विकासका लागि चमेरे गुफा जोर निशान भगवति मन्दिर ताम्लिङ्ग माङ्गहिम, भैरवेश्वर महादेवको निर्माण तथा जिर्णोद्धार कार्य थालनी गरी धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका मठ मन्दिर तथा धरोहरहरुको मर्मत रेखदेख सम्भारका लागि सम्वद्ध निकायहरुको सहयोग लिई संरचना संरक्षण तथा थप सुधार गर्दै लगिने छ ।

## ५.४ : सामाजिक विकास योजना

**(क) जनसंख्या व्यवस्थापन:** सन्तुलित जनसंख्याको व्यवस्थापन विना विकास असंभव छ । आज हाम्रो देश निर्माण गर्ने युवाहरु खाडी तथा अन्य मुलुकमा छन् भने वृद्ध, अशक्त, बालबालिका र महिलाहरु मात्र घर रुँगेर बस्ने अनि आश्रितहरु मात्र पालेर बस्ने अवस्थामा सिर्जना भएको छ । यसैगरी किशोर-किशोरी शिक्षाको अभावका कारण कानूनद्वारा बर्जित बाल विवाह, बहु विवाह, अनमेल विवाह, धुम्रपान, मद्यपान तथा लागू औषध दुर्व्यसनी जस्ता कुरितीहरु रहेका छन् । हाम्रो यस गाउँपालिका क्षेत्रको बसाईं सराई दर पनि उच्च रहेको छ । वैदेशिक रोजगारीमा जाने युवा युवतिहरुलाई स्वदेशमै रोजगार गर्न सीपमूलक तालिम प्रदान गरिनेछ ।

**(ख) संस्कृति संरक्षण तथा प्रवर्द्धन :** बहुल जातजातीको संगम एवं साझा फुलवारी भएको यो गाउँपालिका क्षेत्र आफैंमा बहु भाषिक, बहु सांस्कृतिक, बहु धार्मिक एवं विशिष्ट प्रकृतिको सहिष्णुता भएको संस्कारयुक्त समाज हो । यस्ता समाज भित्र मौलिक किसिमका पुरातात्विक, धार्मिक, ऐतिहासिक सम्पदा एवं संस्कृतिहरु सो क्षेत्रको धरोहरका रुपमा रहेका हुन्छन् । यसर्थ यस क्षेत्रमा रहेका दृश्य अदृश्य सबै खालका मौलिक संस्कृति एवं सम्पदाहरुको संरक्षण तथा सम्वद्धर्न गर्नु हाम्रो दायित्व हो । यस्ता संस्कृतिहरुलाई पर्यटन क्षेत्रसँग आवद्ध गर्दै भाषा, संस्कृति, लिपीहरुको संरक्षण सम्वर्द्धन गर्ने नीति अवलम्बन गरिने छ ।

**(ग) शिक्षा :** युग अनुकुल मानव पूँजीको विकास र सामाजिक रुपान्तरणको अस्त्र नै शिक्षा हो । यसका लागि व्यवहारिक, गुणस्तरीय, सबैको लागि सरल पहुँच र सीपमुलक प्राविधिक शिक्षा नीति तथा कार्यक्रमको आवश्यकता पर्दछ । छथर जोरपाटी गाउँपालिका भित्र रहेका सबै बालबालिका, युवा र प्रौढ समेत यस्ता शिक्षाबाट बञ्चित नहोउन् र छोरा र छोरी वीच भेदभाव नगरी समान शिक्षा प्राप्त गरुन् भन्ने उद्देश्यका साथ S.E.E. तथा उच्च शिक्षामा उत्कृष्ठ अङ्क ल्याउने विद्यार्थी र सो विद्यालयलाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ । यसै गरी शिक्षा क्षेत्रमा अर्थ मन्त्रालयबाट प्राप्त सशर्त अनुदानको रकमलाई यथार्थपरक ढङ्गले व्यवहारमा उतार्न विषयगत निकाय तथा वडा समितिहरु र नागरिक समाज समेतलाई एक साथ लैजाने पद्धति विकास गरिनेछ । २१ औं शताब्दिमा समाज अघि बढ्दै गर्दा युगको माग अनुकुल शिक्षा नीतिलाई व्यवस्थित गर्दै लैजाने प्रयत्न स्वरुप थालनी गरिएको सबै सामुदायिक विद्यालयमा आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठन पाठन गदै लैजाने नीति अनुरुप यस आ.व.मा नर्सरी तथा के.जी. कक्षासम्म निःशुल्क दिवा खाजा, निःशुल्क रुपमा स्तरीय पाठ्यपुस्तक तथा स्कूल ब्याग वितरण कार्यक्रमलाई यस गाउँपालिकाले निरन्तरता दिने नीति अघि सारिएको छ भने बाल विकास केन्द्रका

सहयोगी कार्यकर्ताहरुलाई प्रारम्भिक शिक्षकमा रुपान्तरण गरी प्रोत्साहन स्वरुप नेपाल सरकारबाट प्रदान हुँदै आएको मासिक रु. ६०००।- मा पचास प्रतिशत रकम थप गरिनेछ साथै कक्षा १ देखि ५ सम्ममात्र सन्चालन भएका विद्यालयमा कार्यरत कार्यालय सहयोगीहरुलाई थप प्रोत्साहन सुविधा प्रदान गरिनेछ । यसैगरी शिक्षक दरवन्दी मिलान, विद्यालय समायोजन समेतका आधारमा गुणस्तरीय शिक्षालाई व्यवस्थित गर्दै लगिनेछ । प्रस्तावित विद्यालयहरुलाई आवश्यकताका आधारमा दरवन्दी सिर्जना गरी थप शिक्षकको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ । आधारभूत तहसम्मको अनिवार्य शिक्षा प्रणालीलाई सुव्यवस्थित गर्न तीन वर्ष पूरा गरेका वालबालिकाहरुलाई विद्यालय भर्ना गर्न विशेष अभियान सन्चालन गरिनेछ । सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउने कार्यसम्पादन करार सम्झौता गर्ने नीति लिइने छ र यसैको आधारमा शैक्षिक मूल्याङ्कन गरी उत्कृष्ठ शिक्षक तथा विद्यालयलाई विशेष समारोहका वीच सम्मान तथा पुरस्कृत गरिनेछ । समुदायको मागको आधारमा विशेष समुदायमा मातृभाषामा कक्षा सन्चालन गर्न प्रोत्साहन अनुदान दिने नीति अवलम्वन गरिनेछ । माद्यमिक तहमा प्राविधिक धार तर्फको शिक्षा प्रदान गर्ने विद्यालयलाई थप अनुदान दिने नीति लिइनेछ । संस्थागत विद्यालय तर्फका व्यवस्थापन सुधारका लागि संख्या वृद्धिको सट्टा गुणस्तर वृद्धि गराउने नीति लिइने छ जसका लागि स्थानीय शिक्षा विकास कोष मार्फत विशेष कार्यक्रम सन्चालन गरिनेछ ।

**(घ) स्वास्थ्य तथा पोषण:**

नागरिकको स्वास्थ्य तथा सबल अवस्था नै राज्यको अनमोल सम्पत्ति हो । सबै नेपाली नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउनु पर्ने र स्वास्थ्य सेवा पाउन सबैको समान पहुँच हुनु पर्ने विषयलाई मौलिक हकको रुपमा नेपालको संविधानले अंगिकार गरी सकेको अवस्थालाई मध्यनजर गर्दै सोही वमोजिम यस गाउँपालिका भित्र आधारभूत स्वास्थ्य सेवाको जग बलियो बनाउन निःशुल्क औषधि वितरण सम्वन्धी कार्यक्रमका लागि संघीय सरकारबाट प्राप्त वजेट न्युन रहेका कारण सो वजेट परिपूरकका लागि थप वजेट विनियोजन गरिएको छ । सबै वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई दिइदै आएको प्रोत्साहन भत्तामा एकरुपता कायम गरी वृद्धि गरिनेछ । ८० वर्षदेखि माथिका ज्येष्ठ नागरिकहरुलाई घरदैलो स्वास्थ्य सेवा प्रदान गर्ने कार्य शुरु गरिएकोमा सो व्यवस्थालाई निरन्तरता दिइनेछ । यसै आर्थिक वर्षदेखि यस गाउँपालिका अन्तर्गत रहेका चार वटै स्वास्थ्य चौकीहरुमा ल्याव परीक्षण गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई व्यवस्थित गरिनेछ । यसै गरी सबै स्वास्थ्य चौकीहरुबाट निःशुल्क रुपमा विवरण हुँदै आएको निःशुल्क औषधि कार्यक्रमलाई व्यवस्थित गर्दै सोभन्दा बाहेकका औषधिहरु समेत सुपथ मूल्यमा स्वास्थ्य चौकीबाट नै उपलब्ध हुने व्यवस्था मिलाइने छ । नेपाल सरकारको हरेक स्थानीय तहमा एउटा पन्ध्र शैयाको अस्पताल निर्माण गर्ने स्वास्थ्य नीति अनुरुप यस गाउँपालिकामा सो अस्पताल निर्माण गर्न संघ, प्रदेश तथा दाता निकायसँग समन्वय गरिनेछ भने गाउँघर ल्किनिकलाई क्रमशः आफ्नै भवन निर्माण गरी ग्रामीण स्वास्थ्य सेवा प्रवाह केन्द्रको रुपमा विकसित गरिनेछ । महामारी लगायतका अनपेक्षित रोग नियन्त्रण तथा असाध्य रोग लागेका विपन्न वर्गका नागरिकहरुलाई सहयोग गर्न विपद व्यवस्थापन तथा असहाय सहयोग कोष समेत खडा गरिएको छ । यसै गरी स्वास्थ्य तथा पोषण समेतका लागि नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको रकमलाई समुचित एवं तार्किक उपयोग गर्न सशक्त कार्यक्रम, अनुगमन र मूल्याङ्कन पद्धति विकास गरी व्यवहारमा लागू गर्ने नीति तयार गरिने छ ।

**(ङ) खानेपानी तथा सरसफाई :** नेपालको संविधानले नै खानेपानी तथा सरसफाई सम्वन्धी विषयलाई मौलिक हकको रुपमा अंगिकार गरिसकेको हुँदा भरपर्दो, गुणस्तरीय, सर्वसुलभ खानेपानी तथा सरसफाइयुक्त सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवन शैलीमा सुधार गर्ने अवस्था सिर्जना गर्नु अवको सरकारको दायित्व बन्न पुगेको भए पनि हाम्रो यहाँको अवस्था भिन्न किसिमको छ । खानेपानीको अभावकै कारण बसाईं सराईको दर बढ्दो छ । उपलब्ध खानेपानी समेत सरसफाइयुक्त नबनाई मुहानबाट सिधै ल्याएर पिउने वा प्रयोग गर्ने अवस्था विद्यमान छ । जलवायु अनुकुलन तथा जलाधार संरक्षणको अभावमा उपलब्ध पानीका मुहानहरु विनाश हुने अवस्थामा रहेका छन् । यी प्रतिकुल अवस्थालाई सुव्यवस्थित बनाउन खानेपानीको वैकल्पिक व्यवस्थाहरु जस्तै डिप बोरिङ्ग प्रविधिबाट खानेपानीको व्यवस्था, खानेपानीको मुहान संरक्षण, जलवायु अनुकुलन पद्धति समेतलाई आत्मसात गरिनेछ । खानेपानीको स्रोत (मुहान)मा रहेको एकाधिकार अन्त्य गर्दै लैजाने नीति अगाडि बढाइने छ । यसै आ.व.देखि विषयगत निकायहरु समेतको संयुक्त पहलमा Post ODF कार्यक्रम सञ्चालन गरी सबै घरधनीहरुलाई 'एक घर एक चर्पी' अभियानमा संलग्न गर्ने गराउने नीतिलाई व्यवस्थित गरिने छ । यसैगरी यस क्षेत्रमा रहेका सबै बजारहरु सफा, सुन्दर एवं प्रदुषणरहित बनाउनका लागि यसै आ.व.मा आ-आफ्नो वडा क्षेत्रमा रहेका बजारको फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन केन्द्र स्थापनाका लागि तोकिएको क्षेत्रलाई स्थानीय रोजगारी सिर्जनाका माध्यमबाट व्यवस्थित गर्दै लैजाने, बजारबाट निस्केका फोहरमैलाहरुलाई सड्ने, नसड्ने र हानीकारक गरी तीन वर्गमा विभाजन गर्न लगाइने नीति

ल्याइने छ भने सो व्यवस्थापनमा सहयोग पुऱ्याउन गाउँपालिकाबाट परिचालित सवारी साधन तथा जनशक्तिको दीर्घकालीन व्यवस्थापनका उपयाहरु अवलम्वन गरिनेछ । प्लाष्टिकजन्य प्रदुषण नियन्त्रण गर्न यसै आ.व.बाट तोकिएको मापदण्डभन्दा तलका प्लाष्टिक झोला तथा अन्य सामाग्रीहरु आयातमा बन्देज लगाई प्लाष्टिक झोला निषेधित क्षेत्र घोषणा गरिनेछ ।

**(च) महिला तथा बालबालिका :**

आजका बालबालिका तथा किशोर किशोरी नै मुलुकका उत्तराधिकारी हुन् । भोलिको समाज कस्तो बनाउने भन्ने कुरा आजको वाल विकास तथा किशोर किशोरी सम्वन्धी राज्यले अपनाउने नीतिमा भर पर्ने गर्दछ । यस विषयलाई ख्याल राख्दै आगामी चार वर्ष भित्र गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने गरी कार्यक्रम तयार पार्न महिला तथा वालबालिका शाखालाई जिम्मेवारी दिइने छ भने यस कार्यको समुचित व्यवस्थापनका लागि यसै आर्थिक वर्षदेखि बालमैत्री गाउँपालिका विकास कोष स्थापना गरिनेछ । यस कोषमा व्यपार व्यवसाय तथा एकीकृत सम्पत्ति करबाट उठेको तोकिएको निश्चित प्रतिशत रकम तथा अन्य रकम समेत सो कोषमा जम्मा हुने व्यवस्था मिलाई कोष सञ्चालन कार्यविधि तयार गरी सोही वमोजिम सन्चालन हुने व्यवस्था मिलाइने छ । वालबालिका तथा किशोर किशोरीहरुको हक अधिकार संरक्षण गर्दै भावी दिनमा उनीहरुलाई सक्षम एवं जिम्मेवार नागरिक बन्ने वातावरण तयार पार्नका लागि बालबालिकाको शीर्षकमा विनियोजित बजेटलाई अधिकतम उपयोग गरिने छ । बालवालिका तथा किशोर किशोरीहरु उपर हुने घरेलु तथा बाह्य हिंसा, भेदभाव, शोषण तथा दुर्व्यवहार अन्त्य गर्न विशेष कार्यक्रम सन्चालन गरिने छ । आगामी आर्थिक वर्ष भित्र यस गाउँपालिकालाई 'बाल श्रम निषेधित क्षेत्र' घोषणा गर्ने कार्यक्रम अघि सारिनेछ । विपन्नताका कारण विद्यालय छाड्न बाध्य भएका बालबालिका तथा किशोर किशोरीहरुको लागि विषयगत इकाइसँग छलफल गरी पुन:भर्नाको वातावरण सिर्जना गर्ने कायक्रम तय गरिनेछ ।

यसै गरी महिला उपर हुने घरेलु हिंसा र कतिपय स्थानमा पुरुष हिंसा जस्ता लैंगिक हिंसाहरु न्यूनीकरण गर्दै छुवाछुत तथा जातीय भेदभावमुक्त समाज निर्माणका लागि यस्ता कार्यहरुलाई पूर्णरुपमा दण्डनीय कार्य मानी कानूनी कारवाहीलाई प्रोत्साहन गरिनेछ ।

**(छ) सामाजिक सुरक्षा:**

नेपाल सरकारबाट सञ्चालित ज्येष्ठ नागरिक तथा अन्य वर्गलाई प्रदान हुँदै आएको सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई भरपर्दो विश्वासयोग्य एवं पारदर्शी बनाई सम्वन्धित नागरिककै गोजीमा सुरक्षित हिसावले पुऱ्याउन बैंकिङ्ग वितरण प्रणाली तथा घरदैलो वितरण प्रणाली दुवै पद्धतिलाई आत्मसात गरिनेछ । यसका लागि सक्षम ज्येष्ठ नागरिक तथा एकल महिलाहरुलाई बैंकिङ्ग प्रणाली मार्फत वितरण गरिनेछ भने अशक्त, अपाङ्ग, मानसिक विरामीहरुलाई घरदैलो वितरण प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिने नीति अवलम्वन गरिनेछ ।

**(ज) युवा तथा खेलकुद विकास:**

राष्ट्र निर्माणको मूल स्रोत मानिएका युवाहरुको आत्मवल कायम राख्न खेल र खेलाडीहरुको जगेर्ना गरिनेछ । युवा वर्गमा उद्यमशीलताको भावना जगाई आफ्नो गाउँ ठाउँमा रहने वातावरण सिर्जना गर्नु आजको प्रमुख चुनौति बन्दै गइरहेको अवस्थामा युवा वर्गको सोँचमा परिर्वतन ल्याई आफ्नो मुलुक र भविष्य प्रति आफ्नै देशमा पनि उद्यम गर्न सकिन्छ भन्ने धारणा विकास गर्न उद्यमशीलता अभिमुखीकरण तथा प्राविधिक तालिम, खेलकुद विकास सम्वन्धी प्रशिक्षण दिई युवाहरुको क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ । यस्ता कार्यक्रमहरु संचालन गर्न सामुदायिक संघ संस्थाहरुसँग साझेदारी तथा समन्वय गरिनेछ । यसैगरी खेलकुद पूर्वाधार विकास लागि समेत वजेट व्यवस्था गरी खेलाडी तथा खेलकुद प्रतियोगितालाई गुणात्मक बनाउँदै लैजाने र भइरहेका खेल मैदान समेतको स्तरोन्नति गर्दै लगिने छ । निरोगिता, अनुशासन एवं मर्यादा विकासको आधार खेलकुद भएका कारण खेलकुदको विकास र प्रवर्द्धनका लागि विद्यालयस्तरदेखि नै मजवुत बनाउँदै लगिने नीति अवलम्वन गरिने छ भने हरेक वडाहरु कम्तिमा एक खेल मैदान निर्माणका लागि स्थान खोजी गरी आगामी दिनमा वडास्तरीय तथा 'छथर जोरपाटी कप' पालिकास्तरीय खेलकुद प्रतियोगिता आयोजना गरी खेलकुद विकासका लागि विशेष पहल गरिने छ ।

**(झ) विपद व्यवस्थापन:**

विपत पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि एक 'विपद व्यवस्थापन कोष'को व्यवस्था गरी सकिएकोले सो कोषको समुचित व्यवस्थापन गर्दै लगिने छ । गाउँपालिकास्तरीय तथा वडास्तरीय विपद व्यवस्थापन समिति गठन गरी विपद क्षेत्रमा आवश्यक सहयोग पुऱ्याइनेछ । भविष्यमा पर्न जाने विपद व्यवस्थापनका लागि यसै आ.व. भित्र हरेक वडाहरुमा निश्चित भूभागलाई खुल्ला मैदानका रुपमा तोकी सो मैदानको उचित संरक्षण गर्दै लगिनेछ । यसै आ.व.मा थप रकमको व्यवस्था भएमा विपद व्यवस्थापन तथा सार्वजनिक निर्माण कार्य, फोहोरमैला व्यवस्थापन र घट्दो श्रम क्षमताका कारण अवरुद्ध विकास निर्माण गतिविधिलाई समयमै उचित व्यवस्थापन गरी आन्तरिक पूँजी बाहिरिनबाट रोक्नका लागि समेत व्याकहो लोडर

तथा ट्रिप्पर समेतको व्यवस्था गरिनेछ । आगामी आ.व.मा विपद व्यवस्थापन प्रतिकार्य योजना मुताविक थप पूर्वाधार तथा मेशीनरी यन्त्रहरुको व्यवस्थापन गर्दै लगिनेछ । समय समयमा उत्पन्न हुने महामारीको अवस्थालाई समन गर्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मी सहितको गाउँपालिकास्तरीय Rapid Responcse Team गठन गरिने छ ।

## ५.५ : संस्थागत विकास योजना

**(क) शासकीय सुधारः**

यस छथर जोरपाटी गाउँपालिकाको सार्वजनिक व्यवस्थापनलाई चुस्त, दुरुस्त निष्पक्ष, पारदर्शी भ्रष्टाचारमुक्त, जनउत्तरदायी, सहभागितामूलक बनाउँदै कानूनी शासनमा आधारित सुशासनको आधार खडा गरिनेछ । हरेक आयोजनाको व्यवस्थापन चुस्त एवं पारदर्शी बनाउने संयन्त्र तयार गरिनेछ । गाउँपालिकाको हरेक निर्णय तथा क्रियाकलापलाई वेवसाइट मार्फत सार्वजनिक गर्दै लगिने छ भने सार्वजनिक सुनुवाई कार्यक्रमहरुको आयोजना गरी गाउँ कार्यपालिकाको गतिविधिलाई पारदर्शी एवं अनुमानयोग्य बनाउँदै लगिनेछ । गाउँपालिकाबाट प्रवाह हुने सेवालाई सूचना प्रविधिमैत्री बनाउँदै आगामी आ.व.मा सशक्त विद्युतीय अनुगमन तथा मूल्याङ्कन पद्धतिसमेतको विकास गरिनेछ । सार्वजनिक प्रशासनमा सदाचारिता अभिवृद्धि गरिने छ । यस गाउँपालिका अन्तर्गत कार्यरत निजामती सेवा, स्थानीय सेवा, स्वास्थ्य सेवा अन्तर्गतका स्वास्थ्यकर्मीहरु र शिक्षक समेतको मनोवल उच्च राख्दै आफ्नो काम कर्तव्यप्रति सदा उत्प्रेरित राख्न यी सेवामा कार्यरत कर्मचारीहरु मध्येबाट हरेक वर्ष कम्तिमा दुई जना कर्मचारीहरुलाई तोकिएको नगद सहित ‘छथर जोरपाटी *राष्ट्र सेवा पदक’* तथा प्रमाण-पत्र बाट विशेष समारोहका वीच सम्मानित गरिनेछ । यसैगरी निशुल्क जग्गादाता, उत्कृष्ठ करदाता, उत्कृष्ठ कृषक, उत्कृष्ठ व्यवसायीलाई समेत सम्मानित गर्ने नीति लिइनेछ । वडा कार्याललयका पदाधिकारी तथा गाउँ कार्यपालिकामा कार्यरत कर्मचारी समेतको क्षमता अभिवृद्धिका लागि सेवामा आधारित तालिम तथा व्यवसायिक तालिम कार्यक्रम सन्चालन गरिनेछ । गाउँ कार्यपालिकाका कर्मचारीहरुको कार्य क्षमता, सेवामा प्रभाकारिता समेतकालागि कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता दिने व्यवस्थालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ । प्रचलित सार्वजनिक खरिद ऐन सम्वन्धी कानूनलाई सरल एवं व्यवहारिक रुपमा कार्यान्वयन गर्दै सार्वजनिक खरिदलाई चुस्तदुरुस्त राख्न खरिद अनुगम समिति गठन गरिने छ । कानूनको शासन, पारदर्शिता, उत्तरदायी तथा जवाफदेहिता, सहभागिता जस्ता सुशासनका आधारभूत पक्षहरुलाई आत्मसात गर्दै गाउँपालिकामा सन्चालित विकास निर्माण लगायत सवै कार्यकमहरुको नियमित अनुगमन, प्रगति समीक्षा, समन्वयय वैठक, सार्वजनिक सुनुवाई , सामाजिक परीक्षण आदि मार्फत सुशासनमा जोड दिइनेछ ।

**(ख) न्याय व्यवस्थापनः** नेपालको संविधानको धारा २१७ वमोजिम न्यायिक समिति गठन गरी सो समितिले आफ्नो क्षेत्राधिकार भित्रका विवाद निरुपण गर्दै आइरहेको छ । यस समितिको काममा सहजता ल्याउन, गाउँ टोल बस्तीस्तरका न्यायमा पहुँच राख्न नसक्ने विपन्न वर्ग समेतको न्यायिक पहुँचका लागि सबै वडाहरुमा समेत लिखित वा मौखिक उजूरी लिने व्यवस्था मिलाइने छ । आपसी झै-झगडालाई न्यूनीकरण गरी सद्‌भावयुक्त समाज निर्माण गर्न वडास्तरमै मेलमिलाप समिति तथा मध्यस्थकर्ताको व्यवस्थापन गरिनेछ भने न्यायिक प्रक्रियालाई संक्षिप्त कार्यविधि अपनाई सकेसम्म सरल र सहज ढंगले न्याय निरुपण गरी यथार्थमा न्याय परेको आभाष दिलाउने व्यवस्था मिलाइने छ ।

**(ग) मानव अधिकार तथा शान्ति सुरक्षा :**

आम नागरिकले आफनो पहिचान एवं आत्मसम्मानयुक्त वातावरणमा निर्धक्क बाँच्न पाउनु, आफ्नो पेशा तथा व्यवसाय भयरहति वातावरणमा सञ्चालन गर्न पाउनु, सबै प्रकारका विभेदहरु अन्त्य गरी समावेशी, मर्यादित र समतामुलक समाजको विकास गर्न पाउनु मानव मात्रको नैसर्गिक अधिकारहरु हुन् । यसै गरी शान्ति सुरक्षा तथा अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी शान्तिपूर्वक वाँच्न पाउने अधिकार सुनिश्चित गर्दै प्रभावकारी सुरक्षा प्रवन्ध गर्नु सुशासन तथा विकासको पूर्वसत नै हुन् । गाउँपालिका भित्र यी अवस्था तथा व्यवस्थालाई सुव्यवस्थित गर्दै आम नागरिकको मानव अधिकार तथा शान्ति सुरक्षा प्रत्याभुत गर्न जोरपाटी, चुलाचुली, पञ्चमी लगायतका बजार क्षेत्रहरुमा प्रहरी बिट स्थापना गर्न पहल गरिने छ । यस क्षेत्रमा सशस्त्र प्रहरी बल स्थापनाका लागि सम्वन्धित निकाय मार्फत पहल गरिनेछ । नेपाल प्रहरीलाई जनमैत्री बनाउने प्रयास गरिनेछ । नगर प्रहरीको व्यवस्था गरिने छ ।

**(घ) अनुगमन तथा मूल्याङ्कन**

योजना, कार्यक्रम वा आयोजना बनाएर कार्य क्षेत्रमा लैजादैंमा नतिजा प्राप्त हुन्छ भन्न सकिन्न । वडास्तरबाट छनौट भइ आएका आयोजनाहरु, गाउँपालिकास्तरका आयोजना तथा कार्यक्रमहरुलाई चुस्त, पारदर्शी प्रभावकारी एवम् तार्किक ढङ्गले

कार्यान्वयन गरी नतिजामूलक बनाउन गाउँ कार्यपालिकाका उपाध्यक्षको संयोजकत्वमा एक योजना अनुगमन तथा मूल्याङ्कन समिति गठन भएको छ जसमा आयोजनाको प्रकृति अनुसारको विषयगत शाखाका प्रमुखलाई सदस्य तोकिनेछ । योजना तथा आयोजनाहरु चालु हुनु पूर्व, चालु अवस्था र सम्पन्न भएपछि तीनै अवस्थाको यथार्थ विवरण झल्कने गरी प्रतिवेदन अनिवार्य रुपमा संलग्न राख्नुपर्ने व्यवस्थालाई कडाईका साथ पालन गरी आयोजनाको कामको गुणस्तरलाई विशेष ध्यान दिई काम सम्पन्न गरेपछि मात्र भुक्तानीका लागि सिफारिस गर्ने पद्धतिको विकास गरिनेछ । आयोजना सञ्चालनका क्रममा भुक्तानी दिनु परेमा प्राविधिकबाट तयार भएको रनिङ्ग बीलका आधारमा मात्र भुक्तानी दिने व्यवस्थालाई निरन्तरता दिइने छ । योजनाको दिगोपनाकोलागि अनुगमन तथा मूल्याङ्कन पद्धतिका आधारमा सम्पन्न भएका उत्कृष्ठ आयोजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र आयोजनामा हेलचेक्र्याईं र लापरवाही गर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने प्रावधान समेतको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय !**

**अव छथर जोरपाटी गाउँ कार्यपालिको गत आ.व.को यथार्थ र यस आ.व.को संशोधित वजेट खर्च पेश गर्न चाहन्छु ।**

**यथार्थ खर्चः**

गत आ.व. २०७४।०७५ को कुल वजेट रु. २२ करोड ३३ लाख ९६ हजार रहेको थियो जसमा चालु तर्फ रु. ४ करोड ३५ लाख ८६ हजार र पूँजिगत तर्फ रु. १७ करोड ९८ लाख १० हजार विनियोजन गरिएकोमा चालु खर्च तर्फ हालसम्म रु ९ करोड ९० लाख ८६ हजार र पूँजीगत तर्फ रु. ६ करोड ३४ लाख ७७ हजार खर्च भएको छ । गत आ.व.०७४।०७५ मा आन्तरिक आय रु.५० लाख उठ्ने अनुमान गरिएकोमा आजका मितिसम्म यथार्थ आन्तरिक आय रु.३० लाख ७८ हजार संचित कोषमा आम्दानी भएको छ ।

**संशोधित खर्च अनुमानः**

**यस वजेट नीति, कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयनका लागि विनियोजित वजेट र व्यहोरिने स्रोत तपसिल खण्डमा विस्तृत रुपमा प्रस्तुत हुने हुँदा यहाँ संक्षेपमा मात्र प्रस्तुत गर्न चाहन्छु ।**

चालु आ.व. ०७५/०७६ को लागि कुल **रु. २८ करोड ४० लाख ३५ हजार** आय प्रस्ताव गरेको छु । यसबाट चालु तर्फ रु १७ करोड ४२ लाख १० हजार र पूजीँगत तथा सशर्त तर्फ रु. १० करोड ९८ लाख २५ हजार विनियोजन गरेको छु भने नेपाल सरकाबाट सामाजिक सुरक्षा तर्फ रु.२ करोड ९० लाख प्राप्त हुने अनुमान गरको छु जुन आयलाई यो वजेट हिसावमा समावेश गरिएको छैन । अव व्यहोरिने स्रोतका रुपमा **आन्तरिक आयबाट ७५ लाख, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरणबाट रु. ७ करोड १९ लाख तथा सशर्त अनुदान रु. १० करोड ७१ लाख, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण तर्फ रु. ३३ लाख १० हजार, राजस्व वाँडफाँडबाट रु. ५ करोड ७६ हजार, सवारी साधन कर वाडफांड रु. ३६ लाख २४ हजार, सशर्त अनुदान १ करोड र अ.ल्या. ३ करोड ५ लाख २५ हजार** समेत गाउँपालिका सञ्चित कोषबाट व्यय हुने अनुमान प्रस्ताव गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**अव म आ.व. ०७५।०७६ को क्षेत्रगत वजेट विनियोजनका वारेमा संक्षेपमा प्रस्तुत गर्न चाहन्छुः**

**(क) आर्थिक विकासः**

कृषि तथा पशु स्वास्थ्य सेवा तर्फ २३ वटा विभिन्न कार्यक्रम तथा आयोजनाहरुका लागि रु. १ करोड ६ लाख ५९ हजार उद्योग वाणिज्य तर्फ विभिन्न कार्यक्रमका लागि रु. १० लाख, पर्यटन तर्फ रु. १७ लाख, सहकारी तर्फ रु.१५ लाख र वित्तीय क्षेत्रमा ७ लाख ९० हजार गरी आर्थिक विकासमा **रु. १ करोड ५६ लाख ४९ हजार** वजेट विनियोजन गरेको छु जुन कुल वजेटको ५.५१ प्रतिशत हुन आउँछ ।

**(ख) सामाजिक विकास**

शिक्षा तर्फ ८३ वटा विभिन्न कार्यक्रम तथा आयोजनाहरुका लागि रु. ९ करोड ९१ लाख ४३ हजार विनियोजन गरिएको छ भने स्वास्थ्य सेवा तर्फ ६२ वटा विभिन्न कार्यक्रम तथा आयोजनाहरुका लागि रु. १ करोड ६५ लाख ९० हजार विनियोजन गरिएको छ । यसैगरी खानेपानी तथा सरसफाइ तर्फ रु. १६ लाल ३९ हजार, संस्कृति प्रवर्द्धन तर्फ रु. १८ लाख ७० हजार, खेलकुद तथा मनोरन्जन तर्फ रु. १६ लाख ५० हजार, लैंगिक समानता तथा समावेशीकरण तर्फ रु. ३१ लाख २४ हजार गरी

सामाजिक विकासमा जम्मा **रु. १२ करोड ४० लाख १६ हजार** विनियोजन गरिएको छ, जुन कुल वजेटकै ४३.६६ प्रतिशत हुन आउँछ ।

**(ग) पूर्वाधार विकास**

सडक पूर्वाधार तर्फ यस गाउँपालिकाको गाउँपालिकास्तरीय सडक, कृषि सडक तथा ग्रामीण सडक समेतका लागि रु. ३ करोड ६० लाख, सिंचाइ तर्फ रु. १७ लाख ८० हजार, भवन तथा शहरी विकास तर्फ रु. ३ करोड ५३ लाख ८५ हजार, उर्जा तथा विद्युतीकरण तर्फ रु. १० लाख  ८० हजार र सञ्चारमा ५ लाख, गरी जम्मा रु. **७ करोड ४७ लाख ४५** हजार विनियोजन गरिएको छ जुन कुल पूँजीगत वजेटको २६.३२ प्रतिशत हुन आउँछ ।

**(घ) वातावरण तथा विपद व्यवस्थापन**

वन तथा भूसंरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला तथा ढल व्यवस्थापन, विपद व्यवस्थापन गरी जम्मा **रु. ३६ लाख ७६ हजार** विनियोजन गरेको छु । जुन कुल वजेट रकमको १.४८ प्रतिशत हुन आउँछ ।

**(ङ) संस्थागत विकास**

सामान्य सेवामा तर्फ रु. ४ करोड २३ लाख, सुरक्षा व्यवस्थापनमा ५ लाख, सुचना प्रविधिमा रु. १० लाख, स्थानीय तथ्याङ्क संकलन, अभिलेख तथा पञ्जिकरण व्यवस्थापन तर्फ रु. ११ लाख १० हजार, सुशासन प्रवर्द्धन तर्फ रु. २५ लाख, अनुसन्धान तथा विकास तर्फ रु. ३० लाख, सवारी साधनतर्फ ५५ लाख ५० हजार, सीप विकास तथा जनचेतनामूलक कार्यक्रम तर्फ रु. १० लाख ५० हजार, समाजिक संघ संस्थातर्फ रु. २० लाख, समपूरक कोषमा रु. १ करोड १२ लाख ५३ हजार गरी जम्मा **७ करोड ४२ लाख २ हजार** विनियोजन गरिएको छ जुन कुल बजेटको २६.२५ प्रतिशत हुन आउँछ ।

अन्त्यमा प्रस्तुत वजेट नीति तथा कार्यक्रमबाट यस गाउँपालिकाका सबै क्षेत्रको आर्थिक, सामाजिक, राजनैतिक तथा भौतिक पूर्वाधारका विकासमा सक्दो योगदान पुग्ने र गाउँवासीहरुको जीवनस्तरमा उचित सुधार हुँदै जाने अपेक्षा लिएको छु । यसका लागि योजना तर्जुमाका तोकिएका चरण तथा प्रक्रियाहरु पूरा गर्दै  हामी यस चरणमा आउन सफल भएका छौं । यसमा हामी सबैको प्रत्यक्ष परोक्ष रुपमा सहभागिता रहेको छ , यो सहभागिताका लागि सबै महानुभावहरु र समग्र छथर जोरपाटी गाउँबासीहरु, संलग्न सबै कर्मचारीहरु समेतमा हार्दिक आभार व्यक्त गर्दछु ।

यसैगरी गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु, आजको यस सभाका अतिथिज्यूहरु, कर्मचारीहरु, अहोरात्र खटीई हामीलाई गर्नु भएको सहयोगका लागि हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**

**भिमकला श्रेष्ठ**
छथर जोरपाटी गाउँपालिका
जोरपाटी, धनकुटा
मिति ०७५ साल असार १७ गते आइतवार ।